**देवचुली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नवलपरासी (बर्दघाट-सुस्तापूर्व)**

मिति : २०७७०४।०३

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे सुचना ।

प्रस्तुत बिषयमा नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०७७।०७८ को लागि न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न १८ देखि ५९ बर्ष उमेर समुहले निवेदन दिई कार्यक्रममा सहभागि हुन ईच्छुक रहेको बेरोजगार व्यात्तिहरुले २०७७ भाद्र ७ गते सम्म आफूले स्थायी बसोवास गरेको वडा कार्यालयमा बेरोजगार व्यात्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, देवचुली नगरपालिका वा प्रधानमन्त्री रोजगार कार्यक्रमको web site: WWW.PMEP.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिने छ । निवेदन दिनका लागि न्यूनतम योग्यता र आवस्यक कागजातहरु र चाहिने विवंर्ण तपशिल बमोजिम रहेका छन । थप जानकारिका लागि देवचुली नगरपालिकाको रोजगार सेवा केन्द्र वा फोन न. ( ९८४७१९८५०९) मा सम्पर्क गर्न अनुरोध छ ।

तपशिल

- सम्वन्धित व्यक्तिको नागरिकताको फोटोकपी १ प्रति ।
- सम्वन्धित व्यक्तिको फोटो १ प्रति ।
- परिवारका सम्पूर्ण सदस्यहरुको नाम नाता , जन्म मिति, नागरिकता नम्वर, जारी मिति र जारी जिल्ला -अनुसुचि फारामको १.न.१४ अनुसारको बिवरण ।
- स्थायी बसोबास वा ना.प्र अनेत्रबाट जारी भएको भए विवाह दर्ता वा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- वार्षिक पारिवारीक आय ,परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा भत्ता तथा अन्य पेन्सन नपाएको विवरण

पुनश्चः फारममा उल्लेख गरेका सम्पूर्ण बिवरण अनिवार्य रुपमा भर्नुपर्ने र बिवरण नभरिएका फारम लाई समाबेस गर्न सकिने छैन ।

विष्णु प्रसाद भुसाल

प्रमुख प्रशासकिय अधिकृत